# लोक सेवा आयोग

**केन्द्रीय कार्यालय, अनामनगर**

## प्रेस विज्ञप्ति

**२०६८/९/२८**

आज मिति २०६८ पौष २८ गते विहिवारका दिन लोक सेवा आयोगका कार्यवाहक अध्यक्ष डा. कयोदेवी यमीले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२७ वमोजिम लोक सेवा आयोगको बाउन्नौ वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०६७/६८) राष्ट्रपति कार्यालय शितल निवासमा एक समारोहका वीच सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत गर्नु भयो । सो अवसरमा आयोगका सदस्यहरु प्रा. कृष्णप्रसाद पोखरेल, श्री टीकादत्त निरौला तथा श्री राजेन्द्रप्रसाद शाह तथा आयोगका सचिव श्री श्यामप्रसाद मैनाली लगायत आयोगका उच्च अधिकारीहरुको उपस्थिति रहेको थियो ।

लोक सेवा आयोगले नेपालको अन्तरिम संविधान, २०६३, लोक सेवा आयोग ऐन, २०६६ र अन्य सम्बन्धित कानूनमा व्यवस्था भए बमोजिम निजामति सेवाका पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवारहरुको छनौट गर्न परीक्षा सञ्चालन गर्ने, संविधान प्रदत्त अधिकार क्षेत्रभित्रका विभिन्न विषयमा परामर्श प्रदान गर्ने तथा बढुवा उजूरी उपर टुङ्गो लगाउने कार्य सधैं झैं यस वर्ष पनि नियमित रुपमा सम्पन्न गरेको छ ।

प्रतिवेदन अवधिमा आयोगले विगतमा झैं निजामति सेवाका रिक्त पदहरुको माग संकलन गरी उपयुक्त उम्मेदवारको छनौट गरी नियुक्तिका लागि नेपाल सरकारका सम्बन्धित निकायहरुमा सिफारिश गरेको छ । निजामति सेवाको शर्त सम्बन्धी विषयमा नेपाल सरकारलाई परामर्श दिने, विभिन्न बढुवा समितिमा संलग्न हुने, बढुवा उपरको उजूरी सुनी निर्णय दिने, निजामति कर्मचारी उपरको विभागीय कारवाहीमा परामर्श दिने, विभिन्न सरकारी निकायहरुको निरीक्षण गर्ने, पाठ्यक्रम निर्माण र सुधार गर्ने, शैक्षिक योग्यता निर्धारण गर्ने लगायतका कार्यहरुले निरन्तरता पाएका छन् । लोक सेवा आयोगले नेपालको अन्तरिम संविधान, २०६३ लागू भए पश्चात् निजामति सेवाका अतिरिक्त सशस्त्र प्रहरी, जनपद प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको लिखित परीक्षा समेत सञ्चालन गर्दै आएको छ । यसैगरी नेपाली सेनाको अधिकृतस्तरको खुला प्रतियोगिताको पदपुर्ति समितिको अध्यक्षता लोक सेवा आयोगका सदस्यबाट हुँदै आएको छ र सहायकस्तरको पदपुर्ति समितिमा यस आयोगबाट प्रतिनिधित्व हुँदै आएको छ ।

यस प्रतिवेदन अवधिमा आयोगले निजामति सेवाका रिक्त रहेका ३ हजार ६ सय ६५ पदका लागि १ हजार २ सय २४ वटा विज्ञापन तथा सूचनाहरु प्रकाशन गरेको थियो । जसका लागि जम्मा २ लाख ५१ हजार ६ सय ५१ दरखास्त पर्न आएका थिए । कुल दरखास्तमध्ये महिला उम्मेदवारको संख्या १ लाख १० हजार ३ सय ७ (४४%) र पुरुषको संख्या १ लाख ४१ हजार ३ सय ४४ (५६%) रहेको थियो । आयोगले विभिन्न श्रेणी र तहका गरी राजपत्रांकिततर्फ ९ सय ५६ र राजपत्र अनंकिततर्फ २ हजार ८ सय ८० गरी जम्मा ३ हजार ८ सय ३६ उम्मेदवारहरुलाई नियुक्तिका लागि सिफारिश गरेको थियो । यसमा समावेशी समूहमा सिफारिश हुनेको संख्या १ हजार ३ सय ४९ रहेको थियो । समावेशी समुहहरुवाट सिफारिश भएकाहरु मध्ये सवैभन्दा वढी महिलातर्फ ४७१ (३५%) र सवैभन्दा कम पिछडिएको क्षेत्र तर्फ ४३ (३%) रहेका थिए ।

क्रमसः....

निजामति सेवाको समावेशी समुह तर्फ कूल १ हजार ८६ पदहरुका लागि विज्ञापन गरिएको थियो । ती पदहरुमा ८४ हजार २ सय २७ दरखास्त प्राप्त हुन आएका थिए । यो संख्या कूल आवेदनको ३३ प्रतिशत हुन आउँछ । समावेशी समुहमा आवेदन गर्नेहरुमध्ये सवैभन्दा वढी महिला तर्फ ४४ हजार १ सय ३७ (५२%) र सवै भन्दा कम पिछडिएको क्षेत्र २ हजार १ सय ६७ (३%) उम्मेदवारहरु थिए ।

प्रतिवेदन अवधिमा विभिन्न सरकारी निकायबाट विभागीय कारबाहीका लागि परामर्श माग भएकोमध्ये सामान्य सजाय अन्तर्गत १९ जनालाई नसिहत, ४५ जनालाई तलब वृद्धि रोक्का, ८ जनालाई बढुवा रोक्का तथा विशेष सजाय अन्तर्गत ५८ जनालाई भविष्यमा निजामति सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने र ४ जनालाई भविष्यमा निजामति सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्नका लागि विभागीय सजाय गर्ने गरी परामर्श प्रदान गरिएको थियो ।

बढुवा उजुरीतर्फ बढुवा सूचना उपर परेका ६४ वटा उजूरीमा सुनवाइ गरी आयोगबाट टुङ्गो लगाइएको थियो । त्यसैगरी आयोग समेतलाई विपक्षी बनाई दायर भएका ४९ वटा रिट निवेदनको लिखित जवाफ पठाइएको थियो ।

प्रतिवेदनमा आयोगले आफ्नो नियमित कार्यसम्पादनको सिलसिलामा भोग्नु परेका विभिन्न नीतिगत र भौतिक समस्या समेत समावेश गरिएको छ । विशेषगरी मन्त्रालय तथा कार्यालयहरुबाट समयमै माग आकृति फाराम प्राप्त नहुने, विज्ञापन गर्नुपर्ने अन्तिम समयमा मात्र पदपूर्तिका लागि माग प्राप्त हुने, निजामति, सेवा तथा स्वास्थ्य सेवा ऐनका कतिपय प्रावधानहरुमा आवश्यक संसोधन नभएको जस्ता कारणहरुले गर्दा आयोगको कार्यसम्पादनमा कठिनाइ उत्पन्न हुने गरेको विगतको स्थितिमा उल्लेखनीय सुधार हुन सकेको छैन । निजामति सेवाप्रति आकर्षण बढाउन र निजामति सेवालाई अझ बढी सक्षम एवं प्रभावकारी बनाउन, निजामति सेवामा भविष्यमा गर्नुपर्ने सुधारका विषयहरुलाई समेत यस प्रतिवेदनले समेटेको छ ।